यो आकाशवाणी हो ।

समाचार तुलसा शर्माबाट सुन्नुहोस ।

मुख्य समाचार।

- प्रधानमन्त्रीले भोली नयाँ दिल्लीमा क्रिसमस समारोहमा भाग लिनुहुने
- भारत वर्तमानमा विश्वको पाँचौं सबैभन्दा ठूलो अर्थव्यवस्था रहेको उप-राष्ट्रपतिको भनाई
- गृह मन्त्रीले जीवनमा समृद्धि प्राप्त गर्नका लागि युवाहरूलाई राम्रो शिक्षा लिने गर्नुभयो आग्रह
- महाराष्ट्रमा मन्त्रीहरूलाई बाडिएको छ विभाग, अनि
- पंजाबमा आम आदमी पार्टीले जित्यो पटियाला नगर निगम चुनाव

**प्रधानमन्त्री-क्रिसमस**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भोली नयाँ दिल्लीमा क्रिसमस समारोहमा भाग लिनुहुनेछ। यस कार्यक्रमको आयोजना भारतीय केथोलिक बिशप सम्मेलनले गर्दैछ। प्रधानमन्त्रीले Cardinals, बिशप र चर्चका मुख्य सदस्य सहित ईसाई समुदायका प्रमुख नेतासंग बातचीत गर्नुहुनेछ। प्रधानमन्त्रीले देशको कोथोलिक चर्चको मुख्यालयको यस प्रकारको कार्यक्रममा भाग लिनुहुने यो पहिलो पल्ट हो ।

**प्रधानमन्त्री-साक्षात्कार**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभयो, इतिहास, संस्कृति र आपसी सम्मानको सन्दर्भमा भारत र कुवैतको बहुआयामी सम्बन्ध छ । कुवैतको समाचार एजेन्सी कुनासंग एउटा साक्षात्कारमा श्री मोदीले भन्नुभयो, दुबै देशको सम्बन्ध ऊर्जा, व्यापार र निवेश भन्दा अघि छ

। उहाँले भन्नुभयो, व्यापार र वाणिज्य, द्विपक्षीय सम्बन्धको महत्वपूर्ण स्तम्भ हो र दुबै देश बीच द्विपक्षीय व्यापार लगातार बढ़ीरहेको छ । प्रधानमन्त्रीले भन्नुभयो ऊर्जाको क्षेत्रमा भागीदारी द्विपक्षीय व्यापारलाई विशिष्ट स्थान दिन्छ । श्री मोदीले भन्नुभयो, औषधि उद्योग, स्वास्थ्य, प्रौद्योगिकी, डिजिटल नवाचार र वस्त्र जस्तो क्षेत्रमा द्विपक्षीय सहयोगको विस्तार गर्ने धेरै संभावना छ । उहाँले भन्नुभयो, जीवन्त भारतवंशी मानिसले यस मित्रतालाई अझै बलियो बनाउदैछन् ।

## उप-राष्ट्रपति चौधरी चरण सिंह पुरस्कार

उप-राष्ट्रपति श्री जगदीप धनखड़ले भन्नुभएको छ, कृषि, ग्रामीण विकासको धुरी हो र जब सम्म ग्रामीण परिदृश्य बदलिदैन तब सम्म देश विकसित बन्न सक्दैन । नयाँ दिल्लीमा आज चौधरी चरण सिंह पुरस्कार दुई हजार चौबीसका विजेतासंग कुरा गर्दै श्री धनखड़ले भन्नुभयो , ग्रामीण अर्थव्यवस्था त्यस बेला मात्र आगि बढ्न सक्छ जब किसान र उनीहरूका परिवार विपणन, मूल्य संवर्धनमा लागेका हुन्छन् र क्लस्टर आत्मनिर्भर बनी रहेको हुन्छ । उप-राष्ट्रपतिले ग्रामीण विकास, किसानको कल्याण र समावेशी विकास प्रति चौधरी चरण सिंहको अथक समर्पणलाई रेखाङ्कित गर्दै उहाँको असाधारण विरासतको सराहना गर्नुभयो । भारतको आर्थिक स्थितिको उल्लेख गर्दै श्री धनखड़ले भारत वर्तमानमा विश्वको पाँचौं सबैभन्दा ठूलो अर्थव्यवस्था रहेको र जापान तथा जर्मनीलाई पछाड़ेर यो तेस्रो सबैभन्दा ठूलो अर्थव्यवस्था बन्ने मार्गमा अग्रसर रहेको बताउनुभयो।

## -गृह मन्त्री-त्रिपुरा

केन्द्रीय गृह मन्त्री श्री अमित शाह आज त्रिपुराको धलाई जिल्लामा **हादूक्लाऊ** स्थित ब्रू जनजातीय मानिसको पुनर्वास कोलोनी जानुभयो । गृह मन्त्रीले जसकोमा आयुष्मान भारत कार्ड छैन उनीहरूलाई छिट्टै कार्ड दिइनेछ भनी भरोसा दिलाउनु भएको छ। उहाँले भन्नुभयो, देशमा सरकारी र पैनलबद्ध निजी अस्पतालमा इलाजका लागि एक परिवारलाई प्रतिवर्ष पाँच लाख रूपियाँ दिइनेछ। श्री अमित शाहले युवाहरूलाई कौशल विकास प्रशिक्षण प्राप्त गर्ने र आफ्नो व्यवसाय शुरू गर्न भन्नुभयो । उहाँले जीवनमा समृद्धि प्राप्त गर्नका लागि युवाहरूलाई राम्रो शिक्षा लिने पनि आग्रह गर्नुभयो । गृह मन्त्री त्रिपुराको तीन दिने यात्रामा हुनुहुन्छ।

**महाराष्ट्र-मन्त्री पद**

महाराष्ट्रमा मन्त्रीहरूको विभाग बाडिएको छ । मुख्यमन्त्री **श्री देवेन्द्र फड़ण वीसले** गृह मन्त्रालय, ऊर्जा, विधि र न्यायपालिका, सार्वजनिक प्रशासन, सूचना र प्रचार विभाग आफ्नुमा राख्नुभएको छ । शिवसेना नेता र उप-मुख्यमन्त्री श्री एकनाथ शिन्देलाई शहरी विकास, आवास अनि लोक सेवा विभाग दिइएको छ । राष्ट्रवादी कंग्रेस पार्टी-एन.सी.पी-का नेता र उप-मुख्यमन्त्री श्री अजित पवारलाई आबकारी सहित वित्त र योजना मन्त्रालय दिइएको छ । भारतीय जनता पार्टीका प्रदेश अध्यक्ष श्री चन्द्रशेखर बावनकुलेलाई राजस्व मन्त्री बनाइएको छ । भारतीय जनता पार्टीका श्री **राधाकृष्ण विखे पाटिललाई** जल संसाधन विभाग र एन.सी.पी- का श्री हसन मुशरिफलाई चिकित्सा शिक्षा मन्त्रालय सुम्पिएको छ । भारतीय जनता पार्टीका श्री चन्द्रकान्त पाटिललाई उच्च र तकनीकी शिक्षा मन्त्रालय तथा संसदीय कार्य मंत्रालयको जिम्मेबारी दीइएको छ भने श्री गिरीश महाजनलाई जल संसाधन र आपदा प्रबन्धन विभागको प्रभार सुम्पिएको छ ।

**पंजाब-चुनाव**

पंजाबमा आम आदमी पार्टीले पटियाला नगर निगम चुनाव जीतेको छ ।तर  जालन्धर, अमृतसर, लुधियाना र **फगवाड़ामा** कुनै पार्टीलाई स्पष्ट बहुमत मिलेको छैन । हिजो नगर निगम र पंचायतका लागि मतदान भएको थियो। यो चुनावमा कंग्रेस र भारतीय जनता पार्टीले शिरोमणि अकाली दल र बहुजन समाज पार्टीको मुकाबलाको राम्रो प्रदर्शन गरेको छ। नगरपालिका परिषद, नगर पंचायत र शहरी स्थानीय निकाय चुनावमा पैंसट्ठी  प्रतिशत भन्दा अधिक मतदान भएको थियो।

**माण्डविया साइकिल**

केन्द्रीय खेल मन्त्री श्री  मनसुख माण्डवियाले भारत-तिब्बत सीमा पुलिस र केन्द्रीय रिजर्व बलका जवान संग नयाँ दिल्लीमा **फिट इण्डिया साइकिल अभियानमा भाग** लिनुभयो । श्री माण्डवियाले जवानहरूसंग मेजर ध्यानचन्द नेशनल स्टेडियमदेखी रायसीना हिल सम्म साइकल चलाउनुभयो।

संवाददातासंगको बातचीतमा श्री माण्डवियाले भन्नुभयो , सारा देश स्वयंलाई स्वस्थ राख्नका लागि प्रधानमन्त्री श्री नरेन्द्र मोदीको यस अभियानसंग जोड़ीदैछ । उहाँले भन्नुभयो, यो अभियान देशभरमा एक हजार एक सय भन्दा अधिक स्थानमा  आयोजित गरिएको छ। । श्री मांडवियाले भन्नुभयो, साइकल चलाउनु  सबैभन्दा राम्रो व्यायाम हो। यसले मानिस स्वस्थ रहन्छन् र यो प्रदूषणको समाधानको पनि राम्रो उपाय हो। उहाँले यस पहलमा धेरै भन्दा धेरै मानिसलाई शामेल हुने अपील पनि गर्नुभयो।

**संशो. विदेश मंत्रालय जर्मनी**

भारतले जर्मनीको Magdeburg -मा भएको भीषण हमलाको निन्दा  गरेको छ, जसमा कथित रूपमा पाँच जनाको मृत्यु भएको छ र दुई सय भन्दा अधिक मानिस घाइते भएका छन्। विदेश

मन्त्रालयले आज एउटा बयानमा भनेको छ, "हामी क्रिसमस बाजारमा भएको भयावह र संवेदनहीन हमलाको निन्दा गर्दछौ।" मन्त्रालयले भनेको छ  "हाम्रो संवेदना र प्रार्थना पीड़ितहरूका साथमा छ।" घटना हिजो साँझको हो जब एउटा गाढी भीड़ भएको बाजारमा पस्यो, जो क्रिसमसका लागि समान किन्ने ग्राहकहरूले भरिएको थियो । हमलामा सात जना भारतीय नागरिक पनि घाइते भए भने सूत्रले बताए अनुसार तीन जनालाई अस्पतालबाट छुट्टी दिएको छ ।

**निशानेबाजी-जूनियर विश्व कप**

जूनियर निशानेबाजी विश्‍व कप अगिलो वर्ष भारतमा आयोजित हुनेछ ।यसमा राइफल, पिस्टल र शटगनको मुकाबला हुनेछ  । भारतले  जूनियर निशानेबाजी विश्व कपको आयोजना पहिलो पल्ट गर्ने  छ । यो देशमा आयोजित हुने तेस्रो प्रमुख विश्‍व निशानेबाजी प्रतियोगिता हुनेछ । पछिलो वर्ष भोपालमा सीनियर विश्‍व कप र यस वर्ष निशानेबाजी विश्‍व कप फाइनलको आयोजना भएको थियो ।

मुख्य समाचार फेरी एकपल्ट

- प्रधानमन्त्रीले भोली नयाँ दिल्लीमा क्रिसमस समारोहमा भाग लिनुहुने
- भारत वर्तमानमा विश्वको पाँचौँ सबैभन्दा ठूलो अर्थव्यवस्था रहेको उप-राष्ट्रपतिको भनाई
- गृह मन्त्रीले  जीवनमा समृद्धि प्राप्त गर्नका लागि युवाहरूलाई राम्रो शिक्षा लिने गर्नुभयो आग्रह
- महाराष्ट्रमा मन्त्रीहरूलाई बाडिएको छ विभाग, अनि

- पंजाबमा आम आदमी पार्टीले जित्यो पटियाला नगर निगम चुनाव